गैंडाकोट नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपुरासी (बर्दघाट सुस्तापूर्ब)

मुक्तिराम रिजाल
प्रमुख प्रशासकिय अधिकृत

१. सूचनाः

**घाटगद्दी गरिएको स्थानबाट नदिजन्य पदार्थ बिक्रि सम्बन्धी बोलपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८०-०२-३०)

यस गैंडाकोट नगरपालिकाले तपशिलको स्थानमा घाटगद्धी गरी राखिएको नदिजन्य पदार्थ जे जस्तो आवस्थामा छ सोही आवस्थामा सिलबन्दी बोलपत्रको माध्यमबाट खुला बोलपत्र बिधि मार्फत बिक्रि गरिने भएकोले लिन चाहने इच्छुक व्यक्ति फर्म वा संस्थाले शिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**-निम्न-**

| क्र.सं | ठेक्का विवरण | ठेक्का नं | घाट/क्षेत्र | परिमाण घ.मि. | न्युनतम दररेट रु. (प्रति घ.मी.) | न्युनतम बिक्रिमूल्य (मु.अ.क. बाहेक) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | घाटगद्दी गरिएको स्थानबाट नदिजन्य पदार्थ बिक्रि सम्बन्धी बोलपत्र | 03/IR/NCB/GM/079/080 | गैंडाकोट नगरपालिका वार्ड नं. ०७ | ३४,२०५.८३ | ४२४.०० | १,४५,०३,२७२/- | ३०००/- |

बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मितिः २०८०/०३/०८
बोलपत्र दाताले वोलपत्र पेश गर्नु पर्ने अन्तिम मितिः २०८०/०३/०८, दिनको १२:००भित्र
बोलपत्र खोल्ने मिति : २०८०/०३/०८, दिनको ०२:००
बोलपत्रको शुल्कः रु. ३०००.००(फिर्ता नहुने गरि)
धरौटी रकमः कुल कबोल अङ्कको ५ % ले हुन आउने रकम वा १२० दिनको बैङ्क जमानत पत्र
बैकको नामः- राष्ट्रिय बाणिज्य बैंक, गैंडाकोट शाखा
कार्यालयको नामः- गैंडाकोट नगरपलिका कार्यालय, नगरकार्यपालिकाको कार्यालय, कार्यलय कोडः- ८०४४६४०२
कार्यालयको खाता नं. ३३५०१००३०१०१०००२ ग-१-१ ( फारम दस्तुरको लागि)
३३५०१००३०३००००२ ग-३ (धरौटी रकमको लागि )
थप जानकारीको लागि सम्पर्क नं. ९८५७६-३९१११,९८५५०-८२४२३

**२. नदि जन्य पदार्थ विक्रि सम्बन्धी बोलपत्रको शर्त तथा बन्देजः**

सूचनाका शर्तहरु

१. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको ११ औ दिनसम्म वोलपत्र खरिद गरी यस कार्यालयको गैंडाकोट स्थित रा.बा. बैङ्कमा रहेको राजश्व खातामा रु.३००० (फिर्ता नहुने गरि) जम्मा गरि गरी ११ औ दिन (सार्बजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन) को १२ वजे भित्र यस कार्यालयमा ई-वोलपत्र https://bolpatra.gov.np/egp मार्फत बुझाउनु पर्नेछ, ११ औं दिन (सार्बजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन) सम्म प्राप्त वोलपत्रहरु सोही दिन २ वजे वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ, वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि कार्यलय प्रतिनिधिको रोहवरमा वोलपत्र खोल्न बाधा पर्नेछैन।

२. बोलपत्र फारम पेश गर्दा **मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व.२०७९/०८० सम्मको फर्म नवीकरण, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाण पत्र, फारम खरिद गरेको भौचरको स्क्यान प्रति** पेश गर्नु पर्नेछ।

गैंडाकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय गैंडाकोट, नवलपुर (बर्दघाट सुस्ता पूर्व) गण्डकी प्रदेश, नेपाल २०७३

मुक्तिराम रिजाल
प्रमुख प्रशासकिय अधिकृत

३. बोलपत्र फाराम भरी पेश गर्दा आँफूले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट लेखि कबोल अंकको कम्तिमा ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको गैंडाकोट स्थित रा.बा. बैङ्कमा रहेको धरौटी खातामा रकम जम्मा गरेको सक्कल बैङ्क भौचर वा मान्यता प्राप्त क बर्गको बाणिज्य बैङ्कले यस कार्यालयको नाममा जारी गरेको सोही रकम बराबरको कम्तिमा १२० दिन म्याद भएको बोलपत्र जमानतपत्र बोलपत्र साथ पेश गर्नु पर्नेछ। कबोल गरेको रकमको अकं र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

**बैक खाता सम्बन्धि जानाकारी**

बैकको नाम:- राष्ट्रिय बाणिज्य बैंक, गैंडाकोट शाखा

कार्यालयको नाम:- गैंडाकोट नगरपलिका कार्यालय, नगरकार्यपालिकाको कार्यालय, कार्यलय कोड:- ८०४४६४०२

कार्यालयको खाता नं. ३३५०१००३०१०१०००२ ग-१-१ ( फारम दस्तुरको लागि)

३३५०१००३०३००००२ ग-३ (धरौटी रकमको लागि )

४. यस पूर्व यस कार्यालयबाट कुनै पनि कार्यको ठेक्का लिई रकम फरफारक नभएको ठेकेदारबाट पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन तर बोलपत्र पेश गर्नुभन्दा पहिले फरफारक गरेमा बोलपत्र पेश गर्नमा कुनै बाधा पर्ने छैन।

५. तोकिएको रकम यस नगरपालिकाको खातामा दाखिला भए पछीमात्र सम्झौता गरिने छ। ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई समायोजन गर्न पाइने छैन।

६. ठेक्का सम्झौता गर्दा कबोल अंकको मु.अ.क. (VAT) १३ % र अग्रिम आयकर (TDS) बापतको १.५ % रकम थप गरी कुल सम्झौता रकम कायम गरिने छ ।

**स्पष्टिकारण : स्वीकृत अंक भन्नाले मु.अ.क. र अग्रिम आयकर बाहेकको रकमलाई बुझ्नुपर्दछ, सम्झौता अंक भन्नाले कबोल अंक , मु.अ.क. (१३%) र अग्रिम आयकर (१.५%) को जोड जम्मा रकमलाई बुझ्नु पर्दछ ।**

**भुक्तानी तालिका**

- ५०% रकम सम्झौता गर्नु र पुर्ब ५०% रकम सम्झौता मितिले १ महिना भित्र । सो को लागि सम्झौता गर्दाका बखत बुझाउन बाँकी रकम बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयका नाममा जारि भएको कार्य सम्पादन जमानत पेश गर्नु पर्ने छ।

७. ठेक्का पेश गर्नु पूर्व नदिजन्य पदार्थ घाटगद्दी गरि राखिएको क्षेत्र स्थलगत अनुगमन गर्न ईच्छुक फर्मका प्रतिनिधिहरुलाई कार्यालयको तर्फबाट मिति २०८०/०३/०६ दिउसो १:०० को समय उपलब्ध गराईएको छ। नदिजन्य पदार्थ उठाउदा हुने घटना, दुर्घटना, बिभिन्न परिस्थिति, आर्थिक तथा भौतिक क्षतिपूर्ति समेत फर्म/कम्पनि स्वयमको हुनेछ । स्थलगत अनुगमन गरि यथार्थ बस्तुस्थिति तथा जोखिम मुल्यांकन गरि बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैलाई सुचित गरिन्छ ।

८. कुनै शर्त राखि पेश गरेको, हुलाकमार्फत पठाएको र रित नपुगेको बोलपत्र माथि कुनै कारबाही गरिने छैन।

९. पेश भएका बोलपत्र कारण खुलाई वा नखुलाई स्विकृत गर्ने वा अस्विकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

१०. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त वोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुदाहरु र ठेक्का स्विकृती पश्चात सम्झौतामा उल्लेख गरिने शर्तहरु यसै सूचनाका शर्त सरह लागु हुनेछन्।

११. यस सूचना तथा वोलपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका वोलपत्रहरु मूल्यांङ्कनमा समावेश गरिने छैन ।

१२. अन्य कुराहरु नेपाल सरकार, गण्डकी प्रदेश सरकार तथा गैंडाकोट नगरपलिकाको प्रचलित ऐन कानून तथा कार्यविधि बमोजिम हुनेछ ।

# ठेक्का सम्बन्धि अन्य सर्तहरु

१. ठेक्का बोलकबोल गर्ने ठेकदारले नगरपालिकाको कार्यालयले तोकेको कर उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्ने छ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाईएमा नियमानुसार कारबाही गरिने छ ।

२. ठेकेदारले उठाउने कर शुल्क कार्यालय द्वारा तोकिएको संकलन केन्द्रमा नै उठाउनुपर्ने छ साथै बिक्रि तथा करको दररेट सबैले देख्ने गरी कर संकलन केन्द्रमा साईन बोर्ड लेखि राख्नु पर्नेछ ।

३. नदि क्षेत्रबाट (घाटगद्दी बाहेक) नदिजन्य पदार्थ संकलन तथा उत्खननमा संलग्न हुन पाइने छैन यदि त्यस्तो गरेको पाईएमा प्रचलित कानुन अनुसार कारबाही गरिने छ ।

४. ठेकेदारले सम्झौता बमोजिमको नदिजन्य पदार्थ सम्झौता भएको मितिले १ महिना भित्र उठाई सक्नु पर्ने छ । काबु बाहिरको परिस्थिति परि नगरबाट म्याद थप स्वीकृत भएको अबस्थामा बाहेक सो अबधि पश्चात घाटगद्दी क्षेत्रमा रहेको नदिजन्य पदार्थ स्वत: नगरको स्वामित्वमा आउने छ ।

५. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनुपर्ने छ । अन्तिम किस्ता समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिने छ र त्यस्तो परिस्थितिमा ठेकेदारले कुनै पनि किसिमको क्षतिपूर्तिको दाबि गर्न पाउनु छैन।

६. प्रचलित कानुन, प्रारम्भिक वातावरणिय परिक्षण (IEE) प्रतिबेदन ,जिल्ला स्तरीय अनुगमन समितिका निर्देशन तथा नगरपलिकाले तोके बिपरित कार्यगरेमा कार्यलयलाई ठेक्का तोड्न कुनै बाधा पर्ने छैन । त्यस्ता कार्यबाट सिर्जित सम्पूर्ण दायित्वहरुको क्षतिपुर्ति स्वयम् ठेकेदारको हुनेछ साथै क्षतिपुर्ति सरकारी बाँकी सरह असुलउपर गरिने छ ।

७. स्थानिय सरकार सञ्चालन ऐन-२०७४ ,गण्डकी प्रदेश सरकारको आर्थिक ऐन२०७९- गैंडाकोट नगरपलिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि-२०७७ सम्झौताका अभिन्न अंश हुनेछन् साथै यसमा उल्लेख नभएका बिषयहरु प्रचलित कानुन बमोजिम हुनेछ।

८. अन्य थप जानकारीको लागि कार्यालय समय भित्र यस नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।